बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही

बजार तथा खोला ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८३/०३/०६ गते।

उपर्युक्त विषयमा यस कार्यालयको मिति २०८३/०३/०३ गतेको नगरकार्यपालिकाको निर्णयानुसार आ.व. २०८३/०८४ को लागि तपसिलमा उल्लेखित बजार तथा नदी/खोलाहरुको सिलवन्दी बोलपत्र दरभाउपत्रद्वारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुवाट तपसिलमा उल्लेखित शर्तहरु बमोजिम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेखित दस्तुर बुझाई बोलपत्र/दरभाउपत्र खरीद गरी आफुले कबोल गरेको दररेट भरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः-

१. बोलपत्र/दरभाउपत्र फारमको साथमा ठेक्का लिने व्यक्ति फर्म संस्थाले इजाजत प्रमाणपत्रको प्रतिलिपि, पा.नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्नेछ। व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

२. बोलपत्र/ दरभाउपत्र फारम रु. २० लाख सम्मको लागि यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयवाट न्युनतम अंक रु. २० लाख सम्मको लागि दस्तुर रु. १,०००/- मा खरिद गरी १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।उक्त बोलपत्र/दरभाउपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेक्केदारको रोहबरमा सोही दिन दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ। तर ठेक्केदार प्रतिनिधि उपस्थित नभएमा पनि उक्त शिलवन्दी बोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

३. बोलपत्र/दरभाउपत्र फारम रु. २० लाख भन्दा माथिको लागि यो सूचना प्रकाशन भएको मितिले २१ औ दिन दिनको ५:०० बजेसम्म यस कार्यालयबाट न्युनतम रु. २० लाख भन्दा माथिको लागि दस्तुर रु ३,०००/- मा खरिद गरी २१ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । उक्त बोलपत्र/ दरभाउपत्र यस कार्यालयका प्रतिनिधिहरु र ठेक्केदारको रोहवरमा सोही दिन दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ। तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि उक्त शिलवन्दी बोलपत्र/दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

४. बोलपत्र/दरभाउपत्र साथ कबोल रकमको ५ प्रतिशत ले हुन आउने धरौटी रकम ने.बै.लि. बरहथवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग३.००- १४००३००००००३०००००००००१ मा जम्मा गरेको सक्कल वैंक भौचर पेश गर्नु पर्नेछ । साथै लाख भन्दा कम न्युनतम सकार भएको हकमा नगदै खाम बन्दी गरी बोलपत्र/दरभाउपत्र फाराम सँग पेश गर्न सक्नेछ ।

५. शिलवन्दी नगरी वा म्याद भित्र प्राप्त नभएका बोलपत्र/ दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

६. एक फर्म वा व्यक्तिवाट खरिद भएको बोलपत्र/दरभाउपत्र अर्को व्यक्ति वा फर्मले प्रयोग गर्न पाउने छैन।

७. बोलपत्र/दरभाउपत्रमा दररेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. बोलपत्र/दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट गरिनेछ।

CamScanner

बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। यस सम्बन्धी अन्य कुराहरु प्रचलित कानून तथा आर्थिक ऐन-नियमावली बमोजिम हुनेछ र थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

११. सरकारी पेश्की, बेरुजु, बाँकी रहेको व्यक्ति वा फर्मलाई ठेक्का दिइने छैन।

१२. ठेक्का स्वीकृत भए पछि उल्लेखित सकार रकम एकमुष्ठ नगदै बुझाउनेहरुलाई १० प्रतिशत छुट दिइने छ। यस कार्यालयको बैंक खातामा बुझाई बैंक भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ।

१३. प्रत्येक खण्डको छुट्टा छुट्टै बोलपत्र/ दरभाउपत्र फारम खरिद गरी छुट्टा छुट्टै पेश गर्नु पर्नेछ।

१४. ठेक्का स्वीकृत भएको सात दिनभित्र स्विकृत भएको बोलपत्र/दरभाउपत्र दातालाई सोको सूचना दिइने छ। ७ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी त्यस पछिको बोलपत्र दातालाई सूचना दिईने छ। ठेक्का बन्दोवस्तको सम्झौता भए पछि मात्र बाँकीको धरौटी रकम फिर्ता हुने छ।

१५. खोला र बजार ठेक्काको हकमा सम्झौता भएको मिति देखि मिति २०८४ साल असाढ मसान्त सम्म १ (एक) वर्षका लागि कायम गरिएको छ।

१७. बजार तथा खोला ठेक्का समेत किस्तामा लिदा बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड वा अचल सम्पत्ति धितोमा राखी पेश गरे पछि मात्र चलन पुर्जी दिइनेछ।

१८. ठेक्कामा लाग्ने नियमानुसारको मूल्य अभिवृद्धि कर र अग्रिम आय कर वा प्रचलित कानून अनुसार लाग्ने अन्य करहरु ठेकेदार स्वंयमले व्यहोर्नु पर्नेछ।

१९. पट्टामा उल्लेखित दररेट र सम्झौता शर्तहरु अनुसार मात्र कार्य गर्न पाउने छ । कबुलियतको कुनै शर्त वर्खिलाप काम गरेमा ठेक्का कुनै पनि वेला तोड्न सकिनेछ ।

२०. सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित ऐन-कानून बमोजिम हुनेछ।

तपसिलः-

| ठेक्का नं. | ठेक्काको नाम | न्युनतम सकार रकम | सूचनाको म्याद |
|---|---|---|---|
| ०१/०८३/०८४ | गोरु तथा भैंसी बजार, बरहथवा | ३८५१७११ | २१ दिने |
| ०२/०८२/०८३ | खसी तथा बाखा बजार, बरहथवा | ६६५०१० | १५ दिने |
| ०३/०८३/०८४ | माछा तथा मासु बजार बरहथवा | ५५५६०० | १५ दिने |
| ०४/०८३/०८४ | तरकारी बजार, बरहथवा | ७१०१०० | १५ दिने |
| ०५/०८३/०८४ | गौशाला बजार, हजरिया | २२१५०० | १५ दिने |
| ०६/०८३/०८४ | सू.चू. पिपराभित्ता बजार | १५२११० | १५ दिने |
| ०७/०८३/०८४ | लौकठ हिरापुर बजार | ७३४५० | १५ दिने |
| ०८/०८३/०८४ | बागमती खोला माछा ठेक्का | ५०८०० | १५ दिने |
| ०९/०८३/०८४ | एकादशी खोला माछा ठेक्का | ३४४७५ | १५ दिने |
| १०/०८३/०८४ | सरखिया खोला माछा ठेक्का | ३५१०० | १५ दिने |
| ११/०८३/०८४ | हिरापुर ब्यारेज माछा ठेक्का | १२५००० | १५ दिने |
| १२/०८३/०८४ | सोती खोला माछा ठेक्का | ३००१० | १५ दिने |
| १३/०८३/०८४ | बुढी बागमती खोला माछा ठेक्का | २३४०० | १५ दिने |
| १४/०८३/०८४ | गुलरिया मन माछा ठेक्का | १४६५० | १५ दिने |
| १५/०८३/०८४ | लौकठ बजार | ४१६५ | १५ दिने |
| १६/०८३/०८४ | लौकठ पर्ति बजार | ६२४५ | १५ दिने |
| १७/०८३/०८४ | पथलैया बजार हर्जरिया | २९१५ | १५ दिने |

..............................

ऋद्धि प्रकाश सिटौला

प्रमुख प्रशासकीय अधिकृत